## ● वस्तुगत प्रश्नोत्तर

**१. बेलायतको संसद्ले युरोपेली युनियनसँग ब्रेक्जिट व्यापार सन्धिलाई कहिले पारित गरेको हो ?**
✍ सन् २०२० डिसेम्बर ३० ।

**२. ब्रेक्जिटपछिको बेलायतमा बस्न अनिच्छा प्रकट गर्दै बेलायती प्रधानमन्त्री बोरिस जोन्सनका पिताले कुन देशको नागरिकता प्राप्तिका लागि आवेदन दिनुभएको छ ?**
✍ फ्रान्स ।
- बोरिस जोन्सनका पिता स्टेनले जोन्सनले सन् २०२० डिसेम्बर ३१ मा सो धारणा व्यक्त गर्नुभएको । उहाँको आमाको जन्म फ्रान्समा भएको थियो । स्टेनले जोन्सनले सन् २०१६ को जनमत सङ्ग्रहमा बेलायत युरोपेली सङ्घमा आबद्ध हुनुपर्ने पक्षलाई समर्थन गर्नुभएको थियो । उहाँले आफू सधैँ युरोपेली नै रहने बताउँदै भन्नुभएको छ, 'यो निश्चित हो कि तपाईं मलाई बेलायती भन्न सक्नुहुन्न ।'

**३. २०७७ पुसमा दाङमा सम्पन्न प्रधानमन्त्री कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको उपाधि कसले जित्यो ?**
✍ प्रदेश १ ।
- (प्रदेश १ ले डिफेन्डिङ च्याम्पियन एपीएफ क्लबलाई ६ रनले हराएको । उपाधिसँगै प्रदेश १ ले नगद पाँच लाख एवम् उपविजेता एपीएफले तीन लाख प्राप्त गरेका ।)

**४. भारतमा कोरोनाविरुद्धका कुन-कुन दुई खोपलाई प्रयोगका लागि स्वीकृति प्रदान गरिएको छ ?**
✍ सेरम इन्स्टिच्युट अफ इन्डिया र भारत बायोटेकका खोप ।
- यी दुई खोपलाई आपतकालीन अवस्थामा प्रयोग गर्न अनुमति दिइएको ।
- खोपले कुनै हानि नगरे पनि केही सहायक असर गर्न सक्ने अधिकारीले जनाएका ।
- सेरमको खोपले यही २०२१ जनवरी १ र २ तारिखमा तोकिएको मापदण्ड पूरा गरेको भारतीय औषधि नियन्त्रकको कार्यालयले जनाएको ।
- भारत बायोटेकको खोप आईसीएमआर र नेसनल इन्स्टिच्युट अफ भाइरोलोजीद्वारा संयुक्त रूपमा विकास गरिएको पनि अधिकारीले जनाएका ।
- सेरम र भारत बायोटेकको खोप दुई डोज लगाउनुपर्नेछ भने यो खोप दुईदेखि आठ डिग्री सेल्सियसमा भण्डार गर्न सकिनेछ ।
- सामान्य वा नियमित अवस्थामा भने यो खोप प्रयोग गर्न प्रतिबन्ध लगाइएको । यसको विकास र परीक्षणको कार्य अझै पनि जारी रहेको अधिकारीले जनाएका ।
- त्यसैगरी, चीनको एक सरकारी स्वामित्वमा रहेको औषधि उत्पादक कम्पनी बायोलोजिकल प्रोडक्ट इन्स्टिच्युट लिमिटेडको साइनोफार्मले तयार पारेको कोरोना भाइरसविरुद्धको खोप चीन र भारतमा प्रयोग गर्न अनुमति दिइएको । उक्त कम्पनीद्वारा उत्पादित सो खोपको तीन चरणसम्म परीक्षण गरिएको ।

**५. अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस कहिले मनाइन्छ ?**



✍ जनवरी १ ।
- सन् २०१४ देखि जनवरी १ का दिन नेपालमा अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउन थालिएको ।
- मुलुकमा पश्चिमा संस्कृतिको प्रभाव बढ्दै गएको भन्दै केही अगुवाहरूबाट २०७० सालदेखि हरेक वर्ष जनवरी १ मा टोपी दिवस र पुस १७ गते राष्ट्रिय पोसाक दिवस मनाउन सुरु गरिएको ।

**६. एउटै परिवारका १२ जना दाजुभाइ र दिदीबहिनीको उमेरको योग सर्वाधिक भई विश्व कीर्तिमान राख्न सफल परिवार कुन हो ?**
✍ डी क्रुज ।
- १२ जना दाजुभाइ र दिदीबहिनीको कुल उमेर एक हजार ४२ वर्ष पुगेको एक परिवारले गिनिज वर्ल्ड रेकर्ड राख्न सफल भएको ।
- गिनिजका अनुसार डी क्रुज परिवारका तिनीहरूको उमेर ७५ देखि ९७ वर्षसम्म रहेको । सन् २०२० डिसेम्बर १५ का दिन जीवित १२ जना दाजुभाइ र दिदीबहिनीको सम्पूर्ण उमेर जोड्दा विश्व कीर्तिमान नै कायम भएका कारण गिनिजले प्रमाणपत्र प्रदान गरेको ।
- पाकिस्तानमा जन्मेका ती दाजुभाइ दिदीबहिनी हाल अमेरिका, बेलायत, स्वीट्जरल्यान्डलगायतका देशमा रहेका ।

**७. नेपाल टेलिकमले एटीटीभी ब्राण्डमा फाइबर टु द होममार्फत आईपी टीभी सेवा सञ्चालन कहिलेदेखि गरेको हो ?**
✍ विक्रम संवत् २०७७ पुस १७ ।
- हाल टेलिकमले एफटीटीएच सेवाबाट भ्वाइस सेवा र डाटा सेवा उपलब्ध गराइरहेकोमा अब आईपी टीभी सेवा पनि थप गर्न लागेको ।
- एटीटीभी सेवाका लागि एफटीटीएच नेटवर्कको पहुँच चाहिने कम्पनीले जनाएको ।

**८. एसिया प्रशान्त क्षेत्रका १५ राष्ट्रहरूद्वारा 'आरसीईपी' नामक व्यापारिक सम्झौता कहिले गरिएको हो ?**
✍ सन् २०२० नोभेम्बर १५ ।
- सम्झौता गर्नेमा चीन, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्यान्डसमेत रहेका ।
- युरोप, अमेरिका र मेक्सिको बीच पनि यस्तै प्रकृतिको व्यापारिक सम्झौता गरिएको ।
- आरसीईपीको धारणा चीनले ल्याएको ।

**९. त्रिमूर्ति निकेतनले देवकोटा काव्य पुरस्कार (२०७७) कसलाई प्रदान गर्‍यो ?**
✍ कवि शैलेन्द्र साकार ।

**१०. नेपालका शाहजहाँ भनेर कसलाई चिनिन्छ ?**
✍ खड्गशमशेर ।

**११. आदिप्रयाग भनेर कुन क्षेत्रलाई बुझिन्छ ?**
✍ देवघाट ।

**१२. नेपालमा पर्यटक प्रहरीको व्यवस्था कहिलेदेखि भएको हो ?**



✍ विसं २०३५ ।

**१३. प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुन्द्रावती सेतीदेवी कुण्ड कहाँ रहेको छ ?**
✍ दोलखा ।
- सुन्द्रावती सेतीदेवी मन्दिर आसपास रहेको पहराको एउटै ढुङ्गामा सातवटा अद्भुत र आकर्षक कुण्ड रहेका ।
- सुन्द्रावती सेतीदेवी कुण्डमा एकादशी, रामनवमी, फागुपूर्णिमाजस्ता चाडमा ठूलो मेला लाग्ने गरेको ।

**१४. चितवनको नारायणी नदीमा व्यावसायिक सञ्चालनका लागि निर्माणाधीन पानीजहाजको सफल परीक्षण कहिले गरिएको हो ?**
✍ विसं २०७६ पुस ६ ।

**१५. सन् २०२० डिसेम्बरमा आयोजित सकर अवार्डमा 'प्लेयर अफ द सेन्चुरी' को अवार्ड जित्न सफल फुटबलर को हुन् ?**
✍ क्रिस्टियानो रोनाल्डो ।



- सन् २००१ देखि २०२० भित्र पाएको सफलताका आधारमा उनलाई विजेता चुनिएको ।
- त्यसैगरी, म्यानचेस्टर सिटीका मेनेजर पेप गार्डियोलालाई उत्कृष्ट कोचको अवार्ड प्रदान गरिएको ।
- त्यस्तै, स्पेनी ला लिगा क्लब रियल मेड्रिडलाई 'क्लब अफ द सेन्चुरी'को अवार्ड प्रदान गरिएको ।
- त्यसैगरी, २०२० वर्षका उत्कृष्ट पुरुष फुटबलरमा बायर्नका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, वर्ष उत्कृष्ट कोचमा वार्यनकै हान्सी फ्लिक एवम् वर्षको उत्कृष्ट टिम अवार्ड बायर्नले प्राप्त गरेका ।

**१६. विश्वव्यापार सङ्गठनमा नेपाल (डब्लुटीओ) को व्यापार नीतिको समीक्षा पहिलोपटक कहिले गरियो ?**
✍ सन् २०१२ ।
- नेपालको व्यापार नीतिको दोस्रो समीक्षा सन् २०१८ डिसेम्बर ३ देखि ५ मा भएको । यसैगरी, नेपालको आगामी व्यापार नीतिको समीक्षा सन् २०२५ मा हुने ।
- (डब्लुटीओ) मा अल्पविकसित सदस्य राष्ट्रहरूको व्यापार नीतिको समीक्षा हरेक छ-छ वर्षमा हुने गरेको ।

**१७. नागरिक स्वस्थताका आधारमा सफलता मापन गर्ने विश्वको पहिलो राष्ट्र कुन हो ?**
✍ न्युजिल्यान्ड ।

**१८. नेपालमा ज्येष्ठ नागरिक दिवस कहिलेदेखि मनाउन सुरु गरिएको हो ?**
✍ विसं २०६२ ।

**१९. हालको निजामती किताबखानाले गर्ने काम पहिला कुन अड्डाले गर्थ्यो ?**
✍ कमाण्डरी किताबखाना ।

**२०. नेपालका राष्ट्रिय विभूति बलभद्र कुँवरको जन्म कहाँ भएको हो ?**
✍ काभ्रेपलाञ्चोक ।
- काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिकास्थित भमरकोटमा सुब्बा चन्द्रवीर कुँवर र अम्बिकादेवीका कान्छा छोराका रूपमा विसं १८४५ पौष १५ गते उनको जन्म भएको थियो । उनको बुबा पट्टिका हजुरबुवा सरदार जयकृष्ण कुँवर हुन् र मावली हजुरबुवा अमरसिंह थापा हुन् । उनी नेपाली सेनाको पुरानो गोरख गणको कप्तान थिए । यिनी नेपाल ब्रिटिस युद्धमा नालापानीको रक्षार्थ नेपालको तर्फबाट करिब ६०० जनाको नेतृत्व गर्दै खटिएका थिए । उक्त युद्धमा नेपालीको हार भए पनि नेपाली वीरताको कदर गर्दै अङ्ग्रेज फौजले हाम्रा वीर शत्रु बलभद्र र उनका वीर गोरखालीको स्मृतिमा सम्मानोपहार भन्ने शिलालेख स्थापित गरी प्रत्येक शवलाई दोसल्ला ओढाई सम्मान गरेको थियो ।
- राष्ट्रिय विभूति बलभद्रको विसं १८७९ चैत २८ मा निधन भएको थियो ।

**२१. राष्ट्रिय विभूति बलभद्र कुँवरको सालिकसहितको पार्क निर्माण कहाँ गरिएको छ ?**
✍ धुलिखेल नपा-९, देवीस्थान (काभ्रे) ।

**२२. उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन र दक्षिण कोरियाली राष्ट्रपति मुन जाई इनबीच ऐतिहासिक भेटवार्ता कहिले भएको हो ?**
✍ सन् २०१८ अप्रिल २७ ।

**२३. बायो भिलेज नमुना कार्यक्रम सञ्चालन गरिएको नेपालको पहिलो जिल्ला कुन हो ?**
✍ तनहुँ ।

**२४. नेपाललाई पहिलोपटक कुन सविधानले हिन्दु राज्यका रूपमा घोषणा गरेको थियो ?**
✍ नेपालको संविधान-२०१९ ।

**२५. सन् २००५ मा इराकमा भएको आन्दोलनलाई के नामले चिनिन्छ ?**
✍ पर्पल रिभोलुसन ।

**२६. भारतबाट आयात हुने इन्धन बीचबाटोमा चुहावट नहोस् भन्ने उद्देश्यसाथ 'लकिङ प्रणाली'को व्यवस्था कहिलेदेखि गरिएको हो ?**
✍ विसं २०७५ वैशाख ११ ।

**२७. आन्तरिक राजस्व विभागले केन्द्रीय विजक प्रणालीको सुरुवात कहिलेदेखि गरेको हो ?**
✍ विसं २०७४ मङ्सिर १ ।

**२८. काठमाडौँ उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि द्रुत कार्यान्वयन टोली (क्विक एक्सन टिम)को गठन कहिले गरिएको हो ?**
✍ विसं २०७४ मङ्सिर १ ।

**२९. युरोपेली सद्भ दिवस कहिले मनाइन्छ ?**
✍ मे ९ ।

**३०. प्रशासकीय पुनर्गठन योजना आयोग-२०१३ कसको अध्यक्षतामा गठित आयोग हो ?**
✍ टङ्कप्रसाद आचार्य ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## ● विषयगत प्रश्नोत्तर

# संवैधानिक परिषद्मा को हुन्छन्

**१. नेपालको संविधानबमोजिम संवैधानिक परिषद्को गठन विधि उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा २८४ मा नेपालको प्रधानन्यायाधीश, संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरू नियुक्तिको सिफारिस गर्नका लागि संवैधानिक परिषद्को गठन विधिसम्बन्धी व्यवस्था छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- ● (क) प्रधानमन्त्री -अध्यक्ष
- ● (ख) प्रधानन्यायाधीश -सदस्य
- ● (ग) प्रतिनिधिसभाको सभामुख -सदस्य
- ● (घ) राष्ट्रियसभाको अध्यक्ष -सदस्य
- ● (ङ) प्रतिनिधिसभाको विपक्षी दलको नेता -सदस्य
- ● (च) प्रतिनिधिसभाको उपसभामुख -सदस्य,
- प्रधानन्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा कानुन तथा न्यायमन्त्री सदस्यका रूपमा रहने,
- मुख्य सचिवले संवैधानिक परिषद्को सचिव भई काम गर्ने,
- पद रिक्त हुनुभन्दा एक महिनाअगावै, मृत्यु वा राजीनामामा रिक्त भएको एक महिनाभित्र सिफारिस गर्ने ।

**२. जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तनको असर कम गर्न चाल्नु पर्ने उपायहरू लेख्नुहोस् ।**
✍ बढ्दो औद्योगिकीरणबाट उत्पादन हुने कार्वनडाइअक्साड, मिथेनलगायतका ग्यासबाट वायुमण्डलमा निर्माण हुने एकप्रकारको तहबाट सूर्यको प्रकाश एवम् ताप पृथ्वीमा आउने तर पृथ्वीको ताप वायुमण्डलमा निष्कासन हुन नसक्ने अवस्था उत्पन्न भई पृथ्वीको तापक्रम बढ्ने तथा मौसममा फरकपन आउने हुन्छ, यसलाई जलवायु परिवर्तन भनिन्छ ।
- जलवायु परिवर्तनको असर कम गर्न चाल्नुपर्ने उपायहरू
- जलवायु परिवर्तन कार्वनडाइअक्साइडलगायतका ग्यास उत्सर्जनबाट हुन्छ, त्यसैले उद्योग, कलकारखाना, यातायात तथा मानवीय क्रियाकलापहरूबाट हुने यस्ता ग्यास उत्सर्जनलाई न्यून गर्नुपर्छ ।

● **जलवायु परिवर्तनको असर कम गर्न अरू निम्नउपायहरू चाल्नुपर्छ :**
- गरिबी र अन्य कारणबाट हुने वन विनाशलाई रोक्ने,
- मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई वातावरणमैत्री बनाउने,
- वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने,
- प्रदूषण मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने,
- वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्वन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूको कार्यान्वयन गर्ने,
- हरित् अर्थतन्त्रको अवधारणा अवलम्बन गर्ने,
- न्यून कार्वन उत्सर्जन विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने,
- वातावरण संरक्षणसम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने,
- फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,
- व्यवस्थित सहरीकरण तथा उचित बसोवासको व्यवस्था गर्ने,
- वातावरणीय अनुगमन, निरीक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाई वातावरणीय सुशासन कायम गर्ने, यस कार्यका लागि वातावरण विभागलाई थप क्रियाशील बनाउने ।



**३. छोटो टिप्पणी लेख्नुहोस् ।**
✍ **(क) खाद्य सुरक्षा**
- खाद्यान्नको पर्याप्त उत्पादन, समुचित भण्डारण तथा माग अनुरुप सहज आपूर्ति गर्ने कार्यलाई खाद्य सुरक्षा भनिन्छ । यो खाद्य सङ्कट नभएको अवस्था हो । यसले खाद्यान्नमा सबैको सहज पँहुच हुनुपर्छ भन्ने मान्यता राख्छ । गास, बास, कपास मानिसका आधारभूत आवश्यकतामध्ये गासको विशेष महत्त्व हुन्छ । मानिस भएर जन्मेपछि पर्याप्त र उपयुक्त पोषणयुक्त खाना प्राप्त गर्नु सबैको नैसर्गिक अधिकार हो । नेपालको संविधानले खाद्य सुरक्षालाई मौलिक हकअन्तर्गत समावेश गरी धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने व्यवस्था गरेको छ ।

● (ख) **सामाजिक सुरक्षा**
- गरिब, बालबालिका, महिला, वृद्ध, अपाङ्ग, बेरोजगार र पिछडिएको वर्गलाई राज्यले प्रदान गर्ने सामाजिक सेवा सुविधाको सुरक्षालाई सामाजिक सुरक्षा भनिन्छ । सबै जनतालाई समान सेवा सुविधा र अवसरले सधैँ न्याय गर्दैन । त्यसैले विशेष समस्या र कठिनाइ भएका वर्गलाई विशेष प्राथमिकता र सहुलियतका साथ हेर्नु लोकल्याणकारी राज्यको दायित्व हो । यो नै सामाजिक सुरक्षा हो । नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकअन्तर्गत समावेश गरी धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ ।

**४. नेपालको आर्थिक विकासमा निजी क्षेत्रले खेल्ने भूमिकाबारे छोटकरीमा चर्चा गर्नुहोस् ।**
✍ अर्थतन्त्रको समग्र विकास आर्थिक विकास हो । आर्थिक वृद्धि उच्च, दिगो, फराकिलो र न्यायिक हुँदा आर्थिक विकास हुन्छ । नेपालको संविधानमा सरकार, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति भएबाट आर्थिक विकासमा यी तीन संवाहकमध्ये निजी क्षेत्रको पनि महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने प्रस्ट हुन्छ । यसले मुलुकको आर्थिक विकासमा खेल्ने भूमिकालाई निम्नबुँदामा चर्चा गर्न सकिन्छ :
- वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- रोजगारी सिर्जना गर्ने,
- प्रतिस्पर्धात्मक वातावरण तयार गर्ने,
- मूल्यवृद्धि नियन्त्रण गर्ने,
- निर्यात वृद्धि गर्ने,
- आफूमा भएको ज्ञान, सीप, अनुभव एवम् पुँजीको अधिकतम प्रयोग गर्ने,
- मुलुकमा नयाँ-नयाँ प्रविधि भित्र्याउने,
- विदेशी मुद्रा आर्जन गर्ने,
- राजस्व सङ्कलनमा योगदान गर्ने,
- आर्थिक विकासका पक्षहरू जनशक्ति, कृषि, उद्योग, व्यापार, पर्यटन आदिको विकास गर्न लगानी वृद्धि गर्ने,
- सरकार र सहकारी क्षेत्रसँग समन्वय गरी कार्य गर्ने ।

**५. नागरिक शिक्षा भनेको के हो ? छोटकरीमा लेख्नुहोस् ।**
✍ व्यक्तिलाई एक असल चरित्रवान नागरिक बनाउन प्रदान गरिने शिक्षालाई नागरिक शिक्षा भनिन्छ । यो स्वशासनको शिक्षा हो । यो सचेतना, बहस र पैरवी गर्ने कार्य पनि हो । नागरिक शिक्षाले हरेक नागरिकलाई आ-आफ्नो अधिकार र कर्तव्यप्रति सचेत र जागरुक बनाउँछ । यसले व्यक्तिमा अन्तरनिहित क्षमता उजागर गरी आफ्ना विषयमा आफैँ निर्क्योलमा पुग्न सक्षम बनाउँछ ।
- यसले स्वनिर्णय, स्वव्यवस्थापन र स्वनियन्त्रणको क्षमतामा विकास गराउँछ । सक्षम, सुसंस्कृत र जिम्मेवार नागरिक वर्गको निर्माण गर्नु नागरिक शिक्षाको उद्देश्य हो ।
- नागरिक शिक्षाले लोकतन्त्रको जीवनपद्धतिलाई व्यवस्थित र कार्यमूलक बनाउन मद्दत गर्छ ।

**६. व्यवस्थापन सूचना प्रणाली भनेको के हो ? कार्यालयमा यसको महत्त्व प्रस्ट पार्नुहोस् ।**
✍ व्यवस्थापन सूचना प्रणाली
- कार्यालयमा व्यवस्थापनले निर्णय गर्ने, नीति निर्माण गर्ने एवम् योजना तर्जुमा गर्नुपर्ने हुन्छ । व्यवस्थापनले गर्ने यस्ता कार्यका लागि आवश्यक पर्ने सूचना एवम् तथ्याङ्क सङ्कलन गर्ने, प्रशोधन गर्ने र व्यवस्थापनसमक्ष पेस गरी व्यवस्थापनलाई सहयोग गर्ने संयन्त्रलाई व्यवस्थापन सूचना प्रणाली (एमआईएस) भनिन्छ । यसको उद्देश्य व्यवस्थापनलाई व्यवस्थापकीय कार्यमा सहयोग गरी कार्यालयलाई सफल बनाउनु हो ।
- कार्यालयमा व्यवस्थापन सूचना प्रणालीको महत्त्व
- निर्णय गर्ने कार्यमा भरपर्दो सूचना उपलब्ध भई निर्णय प्रक्रिया छिटोछरितो हुने, सही निर्णय हुने, कार्यान्वयन योग्य निर्णय हुने,
- व्यवस्थापनले गर्ने व्यवस्थापकीय कार्यहरू छिटोछरितो एवम् भरपर्दो ढङ्गले सम्पादन हुने,
- कार्यालयका सबै कार्यमा व्यवस्थापनले नियन्त्रण र समन्वय गर्नुपर्छ, यसको प्रयोगले यो कार्य थप व्यवस्थित हुन्छ ।
- प्रतिस्पर्धाको वर्तमान युगमा यसको प्रयोगले कार्यालयको कार्यदक्षता एवम् प्रभावकारितामा वृद्धि हुन्छ ।
- कार्यान्वयन योग्य नीति निर्माण गर्न एवम् योजना निर्माण गर्न यसले सहयोग गर्छ ।
- समग्रमा यसले कार्यालयलाई सक्षम, प्रतिस्पर्धी, व्यावसायिक बनाउन मद्दत गर्छ ।

**७. कानुनको अर्थ र महत्त्वमाथि प्रकाश पार्नुहोस् ।**
✍ मानवीय व्यवहार एवम् आचरणलाई व्यवस्थित गर्न राज्यद्वारा लागू गरिएको सार्वभौम मान्यतालाई कानुन भनिन्छ ।
- कानुन नियमहरूको समष्टिगत रूप हो, जसले मुलुकको सम्पूर्ण क्षेत्रलाई व्यवस्थित गर्छ ।
- कानुनअन्तर्गत संविधान, ऐन, नियम, विनियम, आदेश, निर्देशन, परिपत्र आदि पर्छन् ।
- कानुन मूलतः व्यवस्थापिकाले निर्माण गर्छ, कार्यपालिकाले कार्यान्वयन गर्छ र न्यायपालिकाले व्याख्या गर्छ ।

● **कानुनको महत्त्व**
- कानुनले मुलुकको सम्पूर्ण क्षेत्रलाई समेट्ने हुँदा कानुनको महत्त्व बहुआयामिक एवम् बहुपक्षीय हुन्छ । यसको महत्त्वलाई निम्नअनुसार प्रकाश पार्न सकिन्छ :-
- समाजमा शान्ति सुरक्षा एवम् न्याय कायम गर्न,
- मानवीय व्यवहार एवम् आचरणलाई व्यवस्थित गर्न,
- समाजमा परिवर्तन ल्याउन,
- समाजमा समानता कायम गर्न,
- आर्थिक असमानता हटाउन,
- वितरणको न्यायिक व्यवस्था गर्न,
- अर्थतन्त्रमा सीमित व्यक्तिको पहुँच अन्त्य गर्न,
- मुलुकको रक्षा प्रतिरक्षा गर्न,
- जनताका हकहरू सुनिश्चित गर्न ।

**८. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका उल्लेख गर्नुहोस् ।**
✍ सरकारले सर्वसाधारण जनतालाई उपलब्ध गराउने सेवा सार्वजनिक सेवा हो ।
- यही सार्वजनिक सेवा सरकारको तर्फबाट जनताको घरदैलोसम्म पुऱ्याउने सबै राष्ट्रसेवक कर्मचारी सेवाप्रदायक हुन् । सार्वजनिक सेवा प्रवाहमा यी सेवाप्रदायकको भूमिका बहुआयामिक हुने गर्छ ।

● **जसलाई निम्नबुँदाबाट उल्लेख गर्न सकिन्छ :**
- सरकारको प्रतिनिधिका रूपमा कार्य गरी सार्वजनिक सेवा सुविधा सहज, सुलभ एवम् सरल तरिकाबाट जनताको घर दैलोसम्म पुऱ्याउने,
- सेवा प्रवाहमा निष्पक्षता कायम गर्ने,
- सेवा प्रवाहको कार्यमा प्रतिबद्ध भएर लाग्ने,
- मितव्ययिता कायम गरेर सेवा प्रवाह गर्ने,
- ऐन नियम पालना गरेर सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमार्फत सरकार र जनताको सम्बन्ध थप सुदृढ गर्न मद्दत गर्ने,
- आधुनिक प्रविधिको प्रयोग गरेर सेवा प्रवाहलाई छिटोछरितो बनाउने,
- तोकिएको लागत र समयभित्र गुणस्तरयुक्त सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहलाई व्यवस्थित गर्न नागरिक समाज एवम् निजी क्षेत्रसँग समन्वय गर्ने,
- सेवा प्रवाहको अनुगमन र मूल्याङ्कन गरी सेवा प्रवाह कार्यमा थप सुधार गर्ने ।

**९. सरकारी बजेटका उद्देश्यहरू उल्लेख गर्नुहोस् । नेपालको बजेट तर्जुमा प्रक्रियबारे चर्चा गर्नुहोस् ।**
✍ सरकारको आय र व्ययको अनुमानित विवरण सरकारी बजेट हो । यो सरकारको नीति तथा कार्यक्रम हो । सरकारी आय र व्ययको व्यवस्थापन गरी सामाजिक कल्याणका लागि साधनको वितरण गर्नु सरकारी बजेटको सर्वोपरि उद्देश्य हो । यसका अरू उद्देश्य निम्न छन् :
- सरकारको कार्य एवम् जिम्मेवारी तोक्नु,
- रोजगारीका अवसरहरू सिर्जना गर्नु,
- आर्थिक वृद्धि गर्नु, आर्थिक स्थिरता कायम गर्नु,
- सामाजिक न्याय कायम गर्न सहयोग गर्नु,
- साधन स्रोतको अधिकतम परिचालन गर्नु,
- आवधिक योजना कार्यान्वयन गर्नमा सहयोग गर्नु,

● **नेपालको बजेट तर्जुमा प्रक्रिया**
- नेपालमा बजेट तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था छ । बजेट तर्जुमामा संवैधानिक व्यवस्था छ । आर्थिक कार्यविधि ऐन, नियम छ । बजेट तर्जुमा दिग्दर्शन लागू गरिएको छ । अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय बजेट तर्जुमा प्रक्रियामा क्रियाशील छन् । नेपालको बजेट तर्जुमा प्रक्रिया निम्नानुसार रहेको पाइन्छ :
- ● (क) व्ययको अनुमान/खर्च अनुमान
- ● (ख) आयको अनुमान
- ● (ग) बजेटको मस्यौदा तयारी
- ● (घ) संसद्मा बजेट प्रस्तुत, छलफल र पारित
- ● (ङ) बजेट कार्यान्वयन
- ● (च) बजेट अनुगमन र मूल्याङ्कन ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL